# बेलौरी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बेलौरी , कंचनपुर
## सुदुरपश्चिम प्रदेश , नेपाल
स्थापित २०७३


पत्र सं :२०८०।०८१

च.नं. :

मिति २०८१/०२/०७

**परियोजना सञ्चालनको लागि करारमा कर्मचारी आवश्यकता सम्बन्धि सुचना !!!**

मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र–नेपाल सँगको साझेदारीमा बेलौरी नगरपालिकामा महिला र किशोरीको सशक्तिकरण मार्फत नेपालमा लैङ्गिक समानतामा योगदान गर्न "शसक्त महिला र सम्बृद्ध नेपाल" नामक परियोजना सञ्चालनमा रहेको छ । उक्त परियोजना कार्यान्वयनको लागि बेलौरी नगरपालिकाले महाकाली प्रादेशिक अस्पताल, महेन्द्रनगरमा समेत सहकार्य गरि लैङ्गिक हिंसा प्रभावित ब्यक्तिहरुलाई अस्पतालमा आधारित एकद्धार संकट ब्यवस्थापन केन्द्र र समुदायमानै गई बहुपक्षीय सेवा प्रदान गर्न र समुदायस्तरमा मनोसामाजिक कार्यकर्ताको परिचालन गरि लैङ्गिक हिंसाको पहिचान, मनोसामाजिक सहयोग र थप सहयोगको लागि महाकाली प्रादेशिक अस्पतालमा रहेको एकद्धार संकट ब्यवस्थापन केन्द्रमा रेफरल गर्नको लागि सामुदायिक मनोसामाजिक कार्यकर्ता आवश्यक परेकोले योग्यता पुगेका ईच्छुक उम्मेदवारले यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र (उक्तदिन बिदा परेमा त्यसको भोलिपल्ट) कार्यालय समय भित्र यस नगरपालिकाको राजश्व शाखामा रु ५०० ।अक्षेरुपी पाँच सय रुपैया मात्र जम्मा गरेको सक्कल भौचर,तपसिल बमोजिमका कागजात तथा व्यक्तिगत विवरण (बायोडाटा) सहित निम्न ठेगानामा बुझाउन यो सुचना जारी गरिएको छ । **तपसिल**

**पद** - सामुदायिक मनोसामाजिक कार्यकर्ता - २ जना (महिला मात्र)

**न्यूनतम योग्यता**

- शैक्षिक योग्यता - कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको ।
- उमेर - १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।

**अनुभव एवं वाञ्छनीय योग्यताः**

- समुदायमा मनोसामाजिक कार्यकर्ता वा सामुदाय स्तरमा काम गरेको अनुभव भएकालाई प्राथमिकता दिईनेछ ।
- समुदायमा निहित घरेलु तथा लैङ्गिक हिंसा न्यूनीकरण तथा रोकथाममा काम गर्न रुची राखे ।
- उम्मेदवारहरु बेलौरी नगरपालिका वडा नं. ५, ८, ९ र १० को स्थायी बासिन्दा हुनुपर्नेछ ।
- मनोसामाजिक समस्या भएका केशहरुको प्रेषण तथा अनुगमनको अनुभव भएको ।
- आफुले गरेको कामको प्रतिवेदन बनाउने अनुभव भएको ।
- दिइएको उत्तरदायित्व राम्रो सँग वहन गर्न कटिबद्ध रहने ।
- स्पष्ट रुपले संचार गर्न सक्ने र आवश्यकता अनुसार गोपनियता कायम गर्ने क्षमता भएको ।
- प्रतिस्पर्धा एवं अप्ठ्यारो परिस्थितिमा सहयोग गर्न रुची राखे ।
- स्थानीयस्तरमा क्लव, महिला समूह, आमा समूह, महिला स्वास्थ्य स्वयंसेविका, अपाङ्गताको क्षेत्रमा काम गर्ने संस्था, स्वास्थ्य संस्था, तथा वडामा स्थानीय सरकार तथा अन्य गैर सरकारी संस्थाबाट सञ्चालन भएका अन्य कार्यक्रमसँग समन्वय गर्न सक्ने ।
- इमेल, इन्टरनेट तथा कम्पयुटर सम्वन्धी जानकार तथा प्रयोग गर्ने सीप भएको ।
- स्थानीय तथा राष्ट्रियस्तरमा लैङ्गिक हिंसा सम्वन्धि जानकार तथा यस्ता हिंसाबाट प्रभावितको मनोसामाजिक सहयोगको आवश्यकता तथा सहयोगको प्रकृयावारे राम्रो जानकारी भएको ।
- उत्सुक एवं नयाँ विषयवस्तु सिक्न ईच्छा भएकालाई विशेष प्राथमिकता दिइने ।
- जनजाती, दलित, अल्पसंख्यक तथा सीमान्तकृत समुदायका उम्मेदवारहरुलाई विशेष ग्राह्यता दिइनेछ ।

**पेश गर्नुपर्ने आवश्यक प्रमाणपत्रहरू**

- नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि एक थान ।
- न्यूनतम शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि १ थान ।
- वाञ्छनीय योग्यता तथा अनुभवका प्रमाणित प्रतिलिपि १ थान ।

महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा, बेलौरी नगरपालिका

२०८१/०२/०६

प्र.प्रमुख प्रशासकीय अधिकृत

Phone: 099-580292 Email: belaurimunicipality@gmail.com Website http://www.belaurimun.gov.np